फोन नं. ०७९-५२०१५०,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६
चलानी नं. Ref. No ९६५

मितिः २०७५/५/२४

श्री वडा कार्यालय सबै
रेसुङ्गा नगरपालिकाको कार्यालय, गुल्मी

विषय : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ लागु भएको सम्वन्धमा ।

प्रस्तुत विषयमा केन्द्रीय पञ्जिकरण विभाग बबरमहल काठमाण्डौंको च.नं. ११२, मिति २०७५/५/१९ को पत्र बमोजिम सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ खारेज भई नयाँ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ माननीय मन्त्री स्तरवाट मिति २०७५/४/२३ मा स्वीकृति प्रदान भएको र सोही मितिवाट लागु भएकोले सामाजिक सुरक्षा भत्ता सम्वन्धी सम्पूर्ण कार्यहरु नयाँ कार्यविधि अनुरुप गर्नु गराउनुहुन सबैको जानकारीको लागि निर्देशनुसार अनुरोध छ । साथै सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुरुप निम्न कार्यहरु तुरुन्तै गर्नु गराउनुहुन समेत अनुरोध छ ।

१) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ को उपदफा २ बमोजिम "**नेपाल सरकार वा नेपाल सरकारवाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकारसंग सम्वन्ध स्थापित भएका मित्र राष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउनेछैनन्**" भनि उल्लेख भए अनुसार वडामा यस प्रकारका सेवा सुविधा पाइरहेका सामाजिक सुरक्षा लाभग्राही भएमा वडा समितिको बैठकवाट निर्णय गराई MIS System मा समेत लगत कट्टा गराई नगरपालिकालाई जानकारी दिनु हुन अनुरोध छ ।

२) आ.व. २०७५/७६ को प्रथम किस्ता भत्ता पाउने लाभग्राहीहरुको विवरण अध्यावधिक नगरेको भए समयमा नै अध्यावधिक गरी आ.व. ०७५/७६ बाट लागुहुने गरि थप भएका लाभग्राहीहरुको विवरण नगरपालिकालाई उपलब्ध गराईदिनुहुन अनुरोध छ । MIS मा दर्ता नभएका लाभग्राहीहरुलाई भत्ता रकम उपलब्ध गराउन नसकिने समेत जानकारीको लागि अनुरोध छ ।

३) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ मा उल्लेख भएका अनुसूचीहरु बमोजिम नै सामाजिक सुरक्षा नयाँ लाभग्राहीको नाम संकलन, नविकरण तथा अभिलेख राखनु हुन अनुरोध छ ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत